# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड २) तिलोत्तमा, माघ महिना १५ गते २०७५ साल (अतिरिक्ताङ्क ३६**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७५ सालको कार्यविधि नं. २७**

### कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना** : नगरपालिका क्षेत्रमा एम्बुलेन्स सेवाको माध्यमबाट विपन्न, असहाय, गर्भवती महिला, बालवालिका, न्यून आय भएका तथा स्वास्थ्य सेवाको मूल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई स्वास्थ्य सम्बन्धी अधिकारका बारेमा चेतनशील गराउँदै मुलुकको विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक संरचनाको कारणले पछाडी पारिएका वर्गलाई स्वास्थ्य सेवा प्रदान गर्दै नागरिकको आवाज एवम् मागलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवं जवाफदेही वनाउन सहकारी, निजी तथा समुदायमा आधारित संघ संस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको स्वास्थ्य सेवालाई संस्थागत गर्दै समृद्ध समाज निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउन एम्बुलेन्स सेवाको कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी एम्बुलेन्स सेवा संचालन गर्न बाञ्छनीय भएकोले,

तिलोत्तमा नगर कार्यपालिकाको मिति २०७५।१०।१० गतेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**परिच्छेद - १**

**<u>प्रारम्भिक</u>**

१) **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**

क) यो कार्यविधिको नाम **"तिलोत्तमा नगरपालिका एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५"** रहेको छ ।

ख) यो कार्यविधि तिलोत्तमा नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२) **<u>परिभाषा :</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) **"कार्यविधि"** भन्नाले तिलोत्तमा नगरपालिका एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ लाई सम्झनु पर्छ ।

ख) **"एम्बुलेन्स सेवा"** भन्नाले नगरपालिकाबाट संचालन गरिने एम्बुलेन्स सेवालाई सम्झनु पर्छ ।

ग) **"समिति"** भन्नाले नगरपालिकाद्वारा गठन भएको एम्बुलेन्स सेवा संचालन समितिलाई सम्झनु पर्छ ।

घ) **"नगर प्रमुख"** भन्नाले तिलोत्तमा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ङ) **"सदस्य"** भन्नाले एम्बुलेन्स सेवा संचालन समितिका सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउनेछ ।

च) **"स्थानीय तह"** भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनु पर्छ ।

छ) **"पदाधिकारी"** भन्नाले नगरपालिकाका पदाधिकारीलाई सम्झनु पर्छ ।

ज) **"एम्बुलेन्स सेवा कोष"** भन्नाले नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवाकोष सम्झनु पर्छ ।

झ) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनु पर्छ ।

ञ) **"स्थानीय सेवा प्रदायक"** भन्नाले स्थानीय तहमा रहेका सरकारी तथा गैर सरकारी संस्था वा सम्झौता गरी एम्बुलेन्स सेवा संचालन गर्ने सहयोगी संस्थालाई सम्झनु पर्छ ।

३) **<u>कार्यविधिको उद्देश्य :</u>**

क) नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवाको कार्यलाई व्यवस्थित गर्ने ।

ख) स्थानीय तहमा संचालन गरिने एम्बुलेन्स सेवाको कार्यको प्रयोगमा समानता ल्याउने ।

ग) एम्बुलेन्स सेवा परिचालनको क्षेत्रमा साझा अवधारणा बनाउने ।

घ) साविकमा एम्बुलेन्स सेवा संचालन गरेका संस्थालाई नगरपालिकामा आन्तरिकीकरण गर्ने ।

ङ) स्थानीय स्तरमा संचालन भएका र हुने एम्बुलेन्स सेवाको विकास र स्तर उन्नती गर्ने ।

च) एम्बुलेन्स सेवामा संकलित रकमको कार्यान्वयन, वित्तीय अनुशासन, पारदर्शीता, दक्षता अभिवृद्धि गर्ने पक्षहरुमा केन्द्रित भई परिचालन गर्ने ।

छ) नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासको लागि विद्यमान स्वास्थ्य तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको स्वास्थ्य सम्बन्धी जीवन स्तर माथि उठाउने ।

ज) एम्बुलेन्स सेवाबाट नागरिकहरुबीच आपसी सद्भाव मेलमिलाप र सहयोगबाट एम्बुलेन्स सेवा प्रदान गरी स्वास्थ्य सम्बन्धी समस्याहरु समाधान गर्न सक्षम गराई समाजमा सहिष्णुता बढाउने ।

झ) विझमान अवस्थामा साविकका गा.वि.स.हरु (हालका नगरपालिकाका वडाहरु) मा साविक एम्बुलेन्स सेवा कार्यक्रमलाई मूल प्रवाहमा ल्याई सेवा प्रवाहलाई पूर्णरुपमा व्यवस्थित गर्ने ।

ञ) नगरपालिकाका वडाहरुमा क्रमशः एम्बुलेन्स सेवा संचालन गर्दै जाने ।

## परिच्छेद - २

## <u>एम्बुलेन्स सेवा संचालन कोष परिचालन प्रक्रिया सम्बन्धी व्यवस्था</u>

४) **<u>एम्बुलेन्स सेवा कोष संचालन प्रक्रिया :</u>**

क) एम्बुलेन्स सेवा संचालन कोष नगरपालिकाको आफ्नो कोष भएकोले हरेक वडा बस्तीहरुमा क्रमशः विस्तार गरिनुका साथै हाल स्थानीय तहमा संचालन हुँदै आएका तथा भविष्यमा संचालन हुने सम्पूर्ण

सरकारी तथा गैरसरकारी संघ संस्थाहरुद्वारा संचालित एम्बुलेन्स सेवा कोष कार्यक्रमलाई समन्वय गरी संचालन गर्ने व्यवस्था मिलाउनेछ ।

ख) एम्बुलेन्स सेवा संचालन कोषको प्रक्रियालाई प्रचलित लेखा प्रणालीको आधारमा लेखा राखिनेछ ।

ग) भविष्यमा एम्बुलेन्स सेवालाई सहकारीतामा रुपान्तरण गर्न प्रोत्साहित गरिनेछ ।

५) **एम्बुलेन्स सेवा परिचालन समिति :**

एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउनका लागि नगरकार्यपालिकाको सदस्यको अध्यक्षतामा देहाय अनुसार एम्बुलेन्स सेवा व्यवस्थापन समिति गठन गरिनेछ ।

**क) एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन समितिको गठन :**

| | |
|---|---|
| नगरकार्यपालिकाको सदस्य | - अध्यक्ष |
| नगरपालिकाभित्रका आमा समूह मध्येबाट एकजना | - अध्यक्ष |
| स्थानीय क्लव मध्येबाट कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि | - सदस्य |
| स्थानीय सामुदायिक संस्थाबाट एक महिला सहित दुई जना प्रतिनिधि | - सदस्य |
| महिला बालवालिका/कृषि शाखाका प्रतिनिधि एक/एक जना गरी दुई जना | - सदस्य |
| नगरपालिकाको मेलमिलाप लैंगिक समानता तथा सामाजिक समावेशीकरण समितिबाट प्रतिनिधि | - सदस्य |
| नगरपालिका क्षेत्रभित्र कार्यरत महिला स्वास्थ्य स्वयमसेविका मध्येबाट एकजना | - सदस्य |
| नगरपालिका स्वास्थ्य शाखाको कर्मचारी | - सदस्य सचिव |

**ख) एम्बुलेन्स सेवा संचालन व्यवस्थापन तथा परिचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१) एम्बुलेन्स सेवा संचालन व्यवस्थापन तथा परिचालन समितिको समन्वयमा नगर क्षेत्रमा नगरपालिका वा अन्य निकायद्वारा संचालित एम्बुलेन्स सेवा सम्बन्धी कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने सुझाव दिने तथा एम्बुलेन्स सेवा परिचालनसँग

सम्बन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

२) नगरपालिका र अन्य विभिन्न संघ संस्थाहरुद्धारा संचालित एम्बुलेन्स सेवा परिचालन कार्यबीच समन्वय गर्ने र सो को मासिक प्रतिवेदन नगरपालिकामा पठाउने ।

३) एम्बुलेन्स सेवा परिचालन कार्यान्वयन सम्बन्धी निर्णय र सो अनुसार काम भए नभएको यकिन गर्ने र सो अनुसार काम नगरेको पाइएमा सम्बन्धित पक्षलाई कार्यक्रम संचालन गर्न सुझाव दिने/सचेत गराउने ।

४) एम्बुलेन्स सेवाको कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण गर्ने ।

५) नगरपालिकामा संचालन भएका वा भविष्यमा हुने एम्बुलेन्स सेवाको अनुगमन तथा मूल्याङ्कन नियमित रुपमा गर्ने ।

६) एम्बुलेन्स सेवा सम्बन्धी प्रतिवेदन प्रकृयागत रुपमा समिति हुँदै नगर सभामा पेश गर्न सहयोग गर्ने ।

७) नगरपालिका एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन सम्बन्धित अन्य क्रियाकलापहरु गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने ।

८) एम्बुलेन्स सेवा सम्बन्धमा भए गरेका कामको अनुगमन र मूल्याङ्कन नगरपालिकाको निर्देशनमा एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन समितिले गर्नेछ र त्यसको प्रतिवेदन मासिक रुपमा नगरपालिकामा बुझाउनु पर्नेछ ।

९) प्रचलित कानूनको अधिनमा रही एम्बुलेन्स चालकको नियुक्ति, सेवा सुविधा सम्बन्धी निर्णय गर्ने ।

१०) समय समयमा नगर कार्यपालिकाले दिएको निर्देशनको पालना गर्ने ।

११) तोकिएको अन्य कार्य गर्ने ।

## परिच्छेद - ३
## एम्बुलेन्स सेवा कोषको सचिवालय स्थान

६) **एम्बुलेन्स सेवा कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालय भवनभित्र वा कार्यपालिकाले तोकेको स्थानमा हुनेछ र यसको काम कारवाहीमा कोषको छुट्टै छाप हुनेछ ।**

७) **कोषको लेखा व्यवस्था**

क) कोषको सम्पूर्ण खाताहरु प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख र एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन समितिको सदस्य सचिवबीच रहनेछ ।

ख) एम्बुलेन्स सेवा कोष समितिको माग अनुसार लगानी गरिनेछ ।

ग) एम्बुलेन्स सेवा विकास कोषमा तपशील अनुसारका खाताहरु रहनेछन् ।

१. संचालन खाता
२. ऋणपूँजी खाता
३. कार्यक्रम खाता

घ) एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन कोषको नियमानुसार लेखा व्यवस्थापन गर्नेछन् ।

ङ) एम्बुलेन्स सेवाको सम्पूर्ण कोषको रेखदेख र लेखा व्यवस्थापन साथै सम्पूर्ण काम सदस्य सचिवबाट हुनेछ ।

## परिच्छेद - ४
## एम्बुलेन्सको सेवा सुविधा तथा शुल्क सम्बन्धी व्यवस्था

८) **एम्बुलेन्स सेवा सुविधा तथा शुल्क सम्बन्धी व्यवस्था**

क) तिलोत्तमा नगरपालिकाभित्र बसोबास गर्ने जेष्ठ नागरिकलाई रुपन्देही जिल्लाभित्रका अस्पतालमा सेवा प्रवाह गर्दा निशुल्क रुपमा गर्ने ।

ख) तिलोत्तमा नगरपालिकामा बसोबास गर्ने गर्भवती महिलाको सुत्केरी गराउने प्रयोजनको लागि रुपन्देही जिल्लाभित्रका अस्पतालमा वा स्वास्थ्य संस्थामा सेवा प्रवाह गर्दा निशुल्क रुपमा गर्ने ।

ग) असाहाय, अपाङ्ग बालवालिकालाई स्थानीय अस्पतालमा सेवा प्रवाह गर्दा पचास प्रतिशत रकम तोकिएको दररेटमा कम गरी सेवा प्रवाह गर्ने ।

घ) उपरोक्त उल्लेखित सेवा बाहेक अन्य सेवाग्राहीको हकमा प्रति किलो मिटर रु.३०।- (तीस) का दरले वा न्यूनतम् शुल्क रु.५००।- नघट्ने गरी जुन बढी हुन आउछ सोही अनुसार शुल्क लिने ।

ङ) सेवा शुल्क तथा अन्य व्यवस्था सम्बन्धमा समितिले तिलोत्तमा राजपत्रमा नगर कार्यपालिकाको समन्वयमा समय समयमा सूचना प्रकाशित गर्न सक्नेछ ।

९) **कोषको लेखा परीक्षण :**

१) एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी लेखा नगरपालिकाले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउने ।

२) लेखा परीक्षण प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

३) लेखा परीक्षण गराउने जिम्मेवारी एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन समितिको हुनेछ ।

१०) **बाधा अड्काउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धी व्यवस्था :**

१) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

२) यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३) यसअघि एम्बुलेन्स सेवा संचालन सम्बन्धमा भए गरेका काम कारवाही सम्बन्धी व्यवस्था यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७५/१०/१५** **(कृष्णप्रसाद सापकोटा)**

**प्रमुख प्रशासकीय अधिकृत**